**संघीय संसद**

**प्रतिनिधि सभा**

**विकास तथा प्रविधि समिति**

**बैठक संख्या : १३२**

मितिः २०७८/०९/३०

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार, खानेपानी मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव तथा सम्वद्ध पदाधिकारीहरुसँग मन्त्रालयको हालसम्मको कार्यप्रगति र आगामी कार्ययोजनाको सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

१ नवनियुक्त नेपाल सरकारका खानेपानी मन्त्री मा. उमाकान्त चौधरीलाई समितिमा स्वागत तथा बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

२ हालै मेलम्ची खानेपानी आयोजनाले अस्थायी रुपमा मेलम्चीको पानी काठमाडौ उपत्यकामा पथान्तरण गर्ने गरी बनाएको कार्ययोजना यथाशीघ्र स्वीकृत गरी कार्यान्वयनमा लैजान समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देश गर्दछ ।

३ नेपाल सरकार खानेपानी मन्त्रालय अन्तर्गतका जिम्मेवार निकायहरुबाट काठमाडौ उपत्यका लगायतका विभिन्न स्थानहरुमा खानेपानी सेवा विस्तारका लागि भइरहेका कार्यहरुमा अन्य निकायहरुबाट आवश्यक समन्वय नगरी क्षति पुऱ्याउने कार्य भइरहेकोले यसरी तेस्रो पक्षबाट खानेपानी आयोजनाको काममा पुऱ्याइएको क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउने नीतिगत व्यवस्था मिलाउन एवं यस्तो समस्या दोहोरिन नदिनका लागि utility corridor विधेयकको मस्यौदा यथाशिघ्र संसदमा पेश गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शहरी विकास मन्त्रालय र खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

४ नेपालमा गरिएका विभिन्न अध्ययनहरुले केही दशकयता देखि पानीका मुहानहरु सुक्दै गइरहेको देखाएको छ ।यसरी पानीका मुहानहरु सुक्दै जाँदा पानी उपभोगमा प्रत्यक्ष रुपमा नकारात्मक असर पुग्ने मात्र नभई जैविक विविधता र पर्यावरणमा समेत नकारात्मक असर पुग्ने हुँदा अहिले भइरहेको र भविष्यमा झनै बढ्ने तापमान वृद्धि र वर्षातको फेरबदलले प्रत्यक्ष असर पार्ने पानीको मुहान सुक्नुको रहस्य पत्ता लगाई अहिले देखि नै मुहानको संरक्षणको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ

५ हालैको बाढीले क्षतिग्रस्त भएको मेलम्ची खानेपानी आयोजना भौगर्भिक दृष्टिकोणले जोखिमपूर्ण रहेको अवस्थामा काठमाडौ उपत्यकामा पानीको माग धान्न नसक्ने सम्भावना देखिएकोले वैकल्पिक आयोजनाको

रुपमा प्रस्तावित गरिएको सिस्नेरी खानेपानी आयोजनालाई कार्ययोजना बनाई यथाशिघ्र कार्यान्वयनमा ल्याउन समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

६ निर्माणाधीन खानेपानी आयोजनाहरुमा २०% जनश्रमदान गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुन नसकेकोले धेरै आयोजनाहरु अलपत्र परेका छन् । तसर्थ यो विषयमा ध्यान पुऱ्याई कार्यान्वयन हुन सक्ने वैकल्पिक नीतिगत व्यवस्था मिलाई अलपत्र आयोजनाहरुलाई सम्पन्न गर्न समिति नेपाल सरकार खानेपानी मन्त्रालयलाई निर्देश गर्दछ ।

७ मेलम्ची खानेपानी आयोजनाको वर्तमान अवस्था र आयोजनामा उत्पन्न भएका समस्याहरुको दीर्घकालीन समाधानको उपायको सम्बन्धमा समितिका माननीय सदस्यहरु एवं सचिवालयका कर्मचारीहरु तथा खानेपानी मन्त्रालयका पदाधिकारीहरु एवं सम्बन्धित क्षेत्रका विज्ञहरुको समेत सहभागिता रहने गरी उपयुक्त समयमा अन्तर्क्रिया कार्यक्रम गर्ने निर्णय भयो ।

८ समितिले उपयुक्त समयमा मेलम्ची खानेपानी आयोजनाको वर्तमान अवस्थाको स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने निर्णय भयो ।

९ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति